


नि:शुल्क ज्योती जागरण दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
Jyotidainik.com

सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्षः ४ | अंक : १६७ | वि.सं. २०८१ माघ ०२ बुधबार | 15 2025 Wednesday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

N.M.C. No.:7296
डा. राकेश तिवारी
एम.बी.बी.एस. (सि.एम.एस./के.यु.)
एम.डी. (इन्टरनल मेडिसिन)
बि.पी.के.आई.एच.एस., धरान
Consultant Physician
वरिष्ठ कन्सलटेन्ट फिजिसियन
सम्पर्क स्थान -
राजदेवी फार्मेसी
बिर्ता-४, बीरगंज, मो नं- ९८५८२३२१२६, ९८१११११०६

## महानगर सहित ६ ठाउँमा थारु समुदायले मनाए जिराभवानी १ मा बिर्हत कार्यक्रम




मेघराज राय

पर्सामा महानगर सहित ६ ठाउँमा थारु समुदायले मनाए माघी महोत्सव जिराभवानी १ मा बिर्हत कार्यक्रम

जिराभवानी । माघे संक्रान्ति पर्व देशभर विभिन्न समुदायले फरक फरक कार्यक्रम गरेर मनाएका छन् । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने सङ्क्रान्ति भएकाले माघ १ गतेलाई मकर सङ्क्रान्ति भन्ने गरिन्छ ।यो पर्वका अवसरमा पर्साका थारु समुदायले पर्साको महानगर सहित ६ ठाउँमा छुट्टा छुट्टै विशेष कार्यक्रम गरेर माघी खिचडी मनाएका छन् । थारु समुदायले माघीलाई नयाँ वर्षको रुपमा मनाउने गर्छन् । थारु समुदायले माघ १ गतेदेखि गाउँको नयाँ नेतृत्व चुन्ने, नयाँ कामको थालनी गर्ने, नयाँ वर्षको योजना बनाउने लगायतका काम गर्दछन् ।

पर्साको बिरगंज महानगर पर्सागढीको बडनिहार सखुवा प्रसौनिको श्रीपुरमा पटेर्वासुगौलीको फर्हदवामा र जिराभवानीको सेढ्वा खेल मैदान माघी खिचडी मनाए एसै बिच जिराभवानी गापा वार्ड नम्बर १मा दोस्रो पटक खुला रुपमा नृत्य प्रतियोगिता पनि गरेको थियो ।जसमा बिरगंज डान्स ग्रुप प्रथम कठ्कुईया माबी दोस्रो लाटोमाई एसपी ग्रुपले तेस्रो र बनशक्ती प्रा बी चौथोमा चितमा बुझाउनु परेको थियो

पर्साको जिराभवानीको पकडीटोलमा छैठो पटक बृहत रुपमा माघी पर्व मनाईएको छ । माघी पर्वको शुभकामना आदानप्रदान तथा बृहत सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो ।जसमा जिराभवानी गापाका स्थानीय राजनीतिकर्मी, जनप्रतिनिधि र अगुवाहरुले शुभकामना दिएका थिए भने स्थानीय कलाकारहरुले विभिन्न साँस्कृतिक प्रस्तुती प्रस्तुत गरेका थिए जिराभवानी युवा समाज पकडीटोलको आयोजनामा सो कार्यक्रम भएको थियो कार्यक्रमको ।जिराभवानी गाउँपालीका वार्ड नम्बर १का वार्ड अध्यक्ष रामशरण खवास थारुको प्रमुख आथित्वमा र युवा समाज पकडीटोल अध्यक्ष गोबिन्द चौधरीको सभापतित्वमा भएको कार्यक्रममा समाजसेबि बिकाउ प्रसाद भन्डारी अजैबिनाथ गौरो पुर्ब गाउँपालिका उपाध्यक्ष उषा देबि महादेव महतो नन्दकिशोर दास स्थानीय बुधिजिबी महिला लगायतको सहभागि थिए भने कार्यक्रममा स्वागत युवा समाज पकडीटोलका अगुवा कार्यकर्ता नन्दकिशोर दाशले गरेको थियो भने कार्यक्रम सञ्चालन रामपृत महतोले गरेका थिए ।

## श्रेष्ठलाई स्व. गोपाल गिरी पुरस्कार




वीरगन्ज – स्व.गोपाल गिरी क्रियाशील पत्रकारिता पुरस्कार वीरगन्जका पत्रकार पंकज श्रेष्ठले प्राप्त गरेका छन् । कान्तिपुर टेलिभिजनका क्यामेरा पर्सन श्रेष्ठलाई नेपाल पत्रकार महासंघ पर्साको सभाकक्षमा मंगलबार एक कार्यक्रमका बीच ५१ हजार रुपैयाँ पुरस्कार राशि प्रदान गरिएको हो ।

पर्सा शाखाका पूर्वअध्यक्ष तथा वीरगन्जका पूर्वमेयर गिरीको स्मृतिमा पुरस्कार स्थापना गरिएको हो ।

मधेश प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्रीले पत्रकार श्रेष्ठलाई दोसल्ला ओढाएर कदरपत्रसहित पुरस्कार राशि प्रदान गरेका थिए ।

२०४७ सालमा गिरी पत्रकार महासंघ पर्साको अध्यक्ष बनेका थिए । तत्कालीन वीरगन्ज महानगरपालिकाको मेयर हुँदा २०६० माघ १ मा तत्कालीन माओवादीले गिरीको हत्या गरेका थिए ।

उक्त पुरस्कारबाट यसअघि पर्साका

बाँकी तेश्रो पृष्ठमा



# पकहाँमैनपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पकहाँमैनपुर, पर्सा

मधेस प्रदेश, नेपाल

## करार सेवामा पदपुर्ति गर्ने सम्बन्धि सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१०/०२

यस गाउँपालिकाको लागि देहाय बमोजिमको पदमा सेवा करारमा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले निम्नानुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरीकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्न यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | न्युनतक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ७/२०८१/०८२ | रोजगार सहायक | सहायक (पाँचौ) | १ | • मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह(१०+२) वा सो सरह उतिर्ण गरेको<br>• आधारभुत कम्प्युटर सीप सम्बन्धि कम्तिमा ३ महिनाको तालिम लिएको | |
| २. | ८/२०८१/०८२ | प्राविधिक सहायक | सहायक (पाँचौ) | १ | • मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण गरेको<br>• आधारभुत कम्प्युटर सीप सम्बन्धि कम्तिमा ३ महिनाको तालिम लिएको | |

१ उमेर हद : दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२ दरखास्त दिने अन्तिम मिति :- २०८१/१०/१६ गतेसम्म (सार्वजनिक विदा परेको सन्दर्भमा उक्त दिनको भोलिपल्ट सम्म।)

३ आवेदन दस्तुर:- रु. ७००/- (सात सय मात्र ।)

४ छनौटको किसिम:- प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा ।

५ आवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरु:-आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरु ।

क. नागरिकता
ख. न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग. चारित्रिक प्रमाणपत्र
घ. कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
ङ. तालिमको प्रमाणपत्र
च. पासपोर्ट साईजको फोटो - २ प्रति

६. सेवा सुविधा तथा अन्य:-स्थानिय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

७. दरखास्त दस्तुर:- यस कार्यालयको नाममा रहेको हिमालयन बैंक लि. पकहाँ, पर्सा स्थित *__पकहाँमैनपुर गाउँपालिकाआन्तरिक राजस्व खाता ग.१.१__* खाता नं. २६७५२८४०६७००९८ मा नगद जम्मा गरी सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।

८. आवेदन बुझाउनु पर्ने स्थान; - रोजगार सेवा केन्द्र- पकहाँमैनपुर गाउँपालिकाको कार्यालय, पर्सा ।(दरखास्त फाराम गाउँपालिका कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।)

**प्रमुख प्रशासकिय अधिकृत**